# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल मंसिर २५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ संशोधन मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| २. | कारागार कार्यालयलाई लघु उद्यम कार्यक्रम कार्यान्वयनका लागि खर्च अख्तियारी प्रदान गर्ने। |
| ३. | बहुवर्षीय (क्रमागत) प्रहरी भवन निर्माणको खर्च अख्तियारी प्रदान गर्ने। |
| ४. | सङ्घीय मातहतका कार्यालयको निर्माण/संरचनात्मक सुधार/मर्मत कार्यका लागि खर्च अख्तियारी प्रदान गर्ने। |
| ५. | सशस्त्र प्रहरी बल नेपाल नं. ३ गढीमाईलाई अख्तियारी प्रदान गर्ने। |
| ६. | आर्थिक वर्ष २०८१/०८२ मा चालु तर्फ खर्च शीर्षक नं. २२२११, २२२१२, २२२१३, २२२२१, २२२३१, २२३११, २२३१३, २२३१५, २२५११, २२५१२, २२५२२, २२५२९, २२६११ र २२७११ मा विनियोजित बजेट मध्ये हालसम्म खर्च भइसकेको र दायित्व सिर्जना भईसकेको रकम घटाई बाँकी बजेटबाट २० प्रतिशत खर्च कटौती गर्ने। |
| ७. | प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने। |
| ८. | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती दिने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| ९. | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती दिने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| १०. | अनुदेशक अधिकृत (अधिकृतस्तर छैठौं) श्री माधव बगालेको सेवा निवृत्त पश्चात प्राप्त हुने सेवा सुविधा बापतको रकम निकासाको लागि स्वीकृती प्रदान गर्ने। |
| ११. | कृषि तथा पशुपन्छी मन्त्रालयबाट सिफारिस भएका मध्येबाट हरि प्रसाद पौडेल (राप्ती नगरपालिका-७ चितवन)लाई प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्ष पदमा चार वर्षका लागि नियुक्ति गर्ने। |
| १२. | बागमती प्रदेश विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीलाई बागमती प्रदेश विश्वविद्यालय, संरक्षक समितिको सदस्य पदमा मनोनयन गर्ने। |
| १३. | अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| १४. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गत निकायहरुको सङ्गठन तथा व्यस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लिखित "संगठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल मंसिर १० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरुलाई कामकाजमा खटाउने |
| २. | आर्थिक वर्ष २०८०/८१ को शासकीय सुधार तथा सुशासनसम्बन्धी प्रगति प्रतिवेदन प्रदेश सुशासन ऐन, २०७७ को दफा ४२ को उपदफा (३) बमोजिम माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सभासमक्ष पेश गर्न स्वीकृति दिने। |
| ३. | प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा ३ को उपदफा (२) (ङ) को व्यवस्था बमोजिम प्रदेश खेलकूद विकास परिषद्को सदस्यहरू मनोनित गर्ने । |
| ४. | "स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१" स्वीकृत गर्ने । |
| ५. | "प्रदेश स्वास्थ्य सेवा (दोस्रो संशोधन) नियमावली, २०८१" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल मंसिर ०६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
| --- | --- |
| १. | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरुलाई कामकाजमा खटाउने। |
| २. | एसियाली विकास वैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालन हुने Irrigation Modernization Enhancement Project (IMEP) को Project Agreement मा राय/सहमति प्रदान गर्ने र Project Agreement मा हस्ताक्षर गर्न खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयका प्रदेश सचिव श्री मोहन कुमार शाक्यलाई बागमती प्रदेशको तर्फबाट आधिकारिक प्रतिनिधि तोकी पठाउने। |
| ३. | स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१ मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने । |
| ४. | "प्रदेश स्वास्थ्य सेवा (दोस्रो संशोधन) नियमावली, २०८१ मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।